**आकाशवाणी समाचार- नेपाली**

मितिः २१ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले स्वस्थ, विश्वको भविष्य समावेशी र एकीकृत दृष्टिकोण र पारस्परिक सहायोगमा निर्भर रहेको बताउनु भएको छ ।

- केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले कृषि क्षेत्रमा बर्ष २०४७ सम्ममा विकसित भारतको लक्ष्य राखिएको बताउनु भएको छ l

- गृह मन्त्रालयले बर्ष २०२६ को पद्म पुरस्कारका लागि नामांकन आह्वान गरेको छ।

- सञ्चारमन्त्री ज्योतिरादित्य सिन्धियाले बर्ष २०२८ सम्ममा भारतको स्याटेलाइट सञ्चार बजार २० अर्ब डलर पुग्ने बताउनु भएको छ ।

- मौसम विभागले मुम्बई र कोंकण क्षेत्रमा आगामी चार दिनसम्म आधी बर्षा र चट्याङसहित चेतावनी जारी गरेको छ।

**प्रधानमंत्री नरेन्द्र मोदी -स्वस्थ**

प्रधानमन्त्री नरेन्द्र मोदीले स्वस्थ विश्वको भविष्य समावेशी र एकीकृत दृष्टिकोण र पारस्परिक सहायोगमा निर्भर रहेको बताउनु भएको छ । ग्लोबल साउथका देशहरू विशेष गरी स्वास्थ्य चुनौतीहरूले प्रभावित रहेको उल्लेख गर्नुहुदै उहाँले भन्नुभयो , भारतको दृष्टिकोणले यसको सामना गर्न एक अनुकरणीय, मानकीकृत र दिगो मोडेल प्रदान गर्दछ। प्रधानमन्त्रीले स्विट्जरल्याण्डको जेनेभामा आयोजित विश्व स्वास्थ्य सभाको सत्रलाई भर्चुअल माध्यमबाट सम्बोधन गरे यस आशय को जानकारी दिनुभएको हो। प्रधानमन्त्री मोदीले भन्नुभयो, "सरकारले देशभरि स्वास्थ्य र कल्याण केन्द्रहरूको विशाल सञ्जाल सिर्जना गरेको छ। विश्वकै सबैभन्दा ठूलो स्वास्थ्य बीमा योजना आयुष्मान भारतले ५८ करोड मानिसलाई फाइदा पुर्याएको छ। उनीहरुको निःशुल्क उपचार भइरहेको छ। भारतको निःशुल्क टेलिमेडिसिन सेवाको बारेमा श्री मोदीले भन्नुभयो ,- यसले ३४ करोड भन्दा अधिक परामर्श प्रदान गरेको छ। श्री मोदीले जूनमा ११ औं विश्व योग दिवस समारोहमा भाग लिन सबै देशहरूलाई निमन्त्रणा दिनुभएको छ।

**रक्षा मंत्री राजनाथ सिंह - ऑपरेशन सिन्दूर**

रक्षामंत्री राजनाथ सिहले भन्नुभएको छ – अप्रेशन सिन्दुर को माध्यम द्वारा भरेतेय सेनाले पाकिस्तानमा अधिक संख्यामा आतंकवादी ठेकानाहरु ध्वस्त बनाउन सफल बनेको छ l लखनऊ मा आयोजित एक कार्यक्रममा रक्षामन्त्री श्री सिहले यस्तो मन्तब्य पोख्नु भएको हो l

2- **Byte-राजनाथ सिह**

**विदेश मंत्री डॉ. एस. जयशंकर - नीदरलैंड**

विदेशमन्त्री एस जयशंकरले नेदरल्याण्डका प्रधानमन्त्री डिक स्कोफसँग भेट गर्नुभएको छ । भेटको क्रममा दुवै नेताले भारत–नेदरल्याण्ड्स सम्बन्धप्रति सन्तुष्टि व्यक्त गर्नुभएको छ । नियमित उच्चस्तरीय भ्रमण र आदानप्रदान मार्फत द्विपक्षीय सम्बन्धलाई सुदृढ तुल्याउन दुवै पक्ष सहमत भएका छन्। श्री जयशंकरले आतङ्कवादविरुद्धको लडाइँमा नेदरल्याण्ड्सको ऐक्यबद्धताको बयानको सराहना गर्नुभएको छ l

**केन्द्रीय कृषि और किसान कल्याण मंत्री शिवराज सिंह चौहान**

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले बर्ष २०४७ सम्ममा विकसित भारतको छवि हेर्नका लागि कृषि क्षेत्रमा पाँच प्रतिशतको निरन्तर वृद्धिदर कायम राख्न आवश्यक रहेको बताउनु भएको छ। नयाँ दिल्लीमा हिज पत्रकारहरूसँग बातचित गर्नुहुदै श्री चौहानले कृषि भारतीय अर्थव्यवस्थाको मेरुदण्ड र जनताको जीविकोपार्जनको सबैभन्दा ठूलो माध्यम भएको बताउनु भएको छ। उहाँले भन्नुभएको छ -देशको ५० प्रतिशत जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषिमा निर्भर रहेको छ । देशको कुल सकल घरेलु उत्पादमा कृषि क्षेत्रको योगदान १८ प्रतिशत रहेको छ।

**3 -Byte-शिवराज चौहान**

**ऑपरेशन सिंदूर सात सर्वदलीय प्रतिनिधिमंडलों -बिश्व भ्रमण**

अपरेसन सिन्दूरको सन्दर्भमा आतंक बिरुद्ध भारतको आतंकवाद विरोधी रणनीतिबारे विश्वलाई जानकारी दिन आज सात सर्वदलीय प्रतिनिधिमण्डलको पहिलो टोली चार देशहरुको लागी प्रस्थान गर्नेछ। शिव सेनाका सांसद श्रीकान्त शिन्देको नेतृत्वमा प्रतिनिधिमण्डलले संयुक्त अरब अमिरत ( युएई), लाइबेरिया, लोकतांत्रिक गणराज्य कांगो र सियरा लियोनको भ्रमण गर्नेछ। श्री शिन्देले पाकिस्तानले आतंकवादलाई कसरी बढावा दिइरहेको छ भन्ने बारेमा जानकारी विश्वलाई अवगत गराउने बताउनु भएकोछ ।

**जनता दल यूनाइटेड - सांसद संजय झा - प्रतिनिधिमंडल -भोलि प्रस्थान**

जनता दल युनाइटेडका सांसद सञ्जय झाको नेतृत्वमा दोस्रो प्रतिनिधिमण्डल बिहीबार इन्डोनेसिया, मलेसिया, दक्षिण कोरिया, जापान र सिङ्गापुर प्रस्थान गर्नेछ। डीएमके सांसद कानी मोईको नेतृत्वमा एक प्रतिनिधिमण्डलले स्पेन, ग्रीस, स्लोभेनिया, लातभिया र रुसको भ्रमण गर्नेछ। सांसद सञ्जय झाले भारतले आतङ्कवादसँग जुध्न नयाँ दृष्टिकोण अपनाएको बताउनु भएको छ ।

4-Byte-संजय झा

**सर्वोच्च न्यायालय -वक्फ (संशोधन) अधिनियम -सुनवाई**

वक्फ (संशोधन) अधिनियम, 2025 की संवैधानिकतालाई चुनौती दिने याचिकाहरु माथी सर्वोच्च न्यायालयले हिज सुनवाई गरेको छ । सुनुवाइको क्रममा मुख्य न्यायाधीश बीआर गवई र न्यायाधीश एजी मसिहको पीठले यो कानुनमाथि रोक लगाउनका लागि बलियो मुद्दा बनाउनुपर्ने बताएको छ । मुख्य न्यायधिशले संसद्वाट पारित कानून असंवैधानिक प्रमाणित नभएसम्म अदालतले हस्तक्षेप गर्न नसक्ने बताएको छ । पीठ ले आज केंद्र सरकारको पक्ष सुन्नेछ।

**प्रधानमंत्री श्री नरेन्द्र मोदी - जर्मनी चांसलर -बधाई**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज जर्मनीका चान्सलर फ्रेडरिक मर्जसँग बातचित गर्नुहुदै पदभार ग्रहण गरेकोमा हार्दिक बधाई गर्नुभएको छ। दुवै नेताले भारत र जर्मनीबीचको रणनीतिक साझेदारीलाई थप मजबुत बनाउने आफ्नो प्रतिबद्धता दोहोर्याएका छन् । उनीहरूले क्षेत्रीय र वैश्विक मुद्दाहरूमा विचार साझा गर्नुभयो तथा आतङ्कवादको सामना गर्न सँगै काम गर्ने प्रतिबद्दता व्यक्त गर्नुभएको छ।

**गृह मन्त्रालयले - पद्म पुरस्कार**

गृह मन्त्रालयले बर्ष २०२६ को पद्म पुरस्कारका लागि नामांकन आह्वान गरेको छ। नामांकन 31 जुलाई सम्म राष्ट्रीय पुरस्कार पोर्टलको माध्यम द्वारा ऑनलाइन जमा गर्न सकिनेछ। मन्त्रालयले पोर्टलमा आवश्यक सबै जानकारी निश्चित ढाँचामा दिनुपर्ने जनाएको छ। साथै, पुरस्कार स्वीकृत भएका व्यक्तिहरूको विशिष्ट र असाधारण उपलब्धिहरूको सन्दर्भ सहित पनि स्पष्ट रूपमा उल्लेख गरिनुपर्छ। पद्म विभूषण, पद्म भूषण र पद्मश्री देशको सर्वोच्च नागरिक पुरस्कारहरू मध्ये एक हो। बर्ष १९५४ मा स्थापना भएको यो पुरस्कार हरेक वर्ष गणतन्त्र दिवसको अवसरमा घोषणा गरिन्छ।

**केन्द्रीय रसायन और उर्वरक मंत्री जगत प्रकाश नड्डा**

केन्द्रीय रसायन तथा उर्वरक मन्त्री जेपी नड्डाले अर्थव्यवस्थामा देशको रासायनिक क्षेत्रको महत्वपूर्ण भूमिका माथी भारतीय रासायनिक परिषदको प्रतिनिधिमण्डलसँग बैठक गर्नुभयो। श्री नड्डाले भन्नुभएको छ -'सरकारले बर्ष २०४० सम्ममा रसायन उद्योगलाई २२० अर्ब डलरबाट १ ट्रिलियन डलरमा पुर्याउने लक्ष्य राखेको छ। बैठकमा यस क्षेत्रले सामना गर्नुपरेका चुनौतीका बारेमा चर्चा भएको उहाँले बताउनु भएको छ । केन्द्रीय मन्त्रीले प्रतिनिधिमण्डलका सदस्यहरूलाई सरकार उनीहरूको समस्याहरू समाधान गर्न प्रतिबद्ध छ र रासायनिक उद्योगलाई हर सम्भव सहयोग गर्न तयार रहेको बताउनु भएको छ।

**शिक्षा मंत्री धर्मेंद्र प्रधान - पीएम पोषण योजना**

शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले हिज प्रधानमन्त्री पोषण योजनाको कार्यान्वयनसँग सम्बन्धित राज्य र केन्द्र शासित प्रदेशहरूको समग्र कार्यसम्पादनको समीक्षा गर्नुभएको छ । श्री प्रधानले भन्नुभएको छ -'प्रधानमन्त्री पोषण योजना बालबालिकाको पोषणस्थिति सुधार गर्न, बालवाटिकादेखि कक्षा ८ सम्म भर्ना र उपस्थिति बढाउन र विद्यालय छोड्नबाट रोक्नका लागि एक महत्वपूर्ण योजना हो। श्री प्रधानले केही राज्य र केन्द्र शासित प्रदेशहरूले खाद्यान्न को उपयोग, सामाजिक लेखा परीक्षण, स्कूल पोषण बगैंचा, खजूर भोजन, स्वास्थ्य जाँच सहित धेरै योजनाहरूको कार्यान्वयनमा प्रभावकारी योगदानको लागि उनीहरूको प्रयासको सराहना गर्नुभएको छ ।

**केन्द्रीय मंत्री डॉ. जितेन्द्र सिंह सीएसआईआर 'स्टार्टअप कॉन्क्लेव 2025'**

केन्द्रीय मन्त्री जितेन्द्र सिंहले भारतका ४९ प्रतिशत स्टार्ट–अपहरु टियर–२ र टियर–३ शहरबाट सुरु हुने बताउनु भएको छ। मुम्बईको गोरेगाउँस्थित नेस्को सेन्टरमा आयोजित दुई दिने सीएसआईआर 'स्टार्टअप कन्क्लेभ २०२५' को उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुदै डा. सिंहले उद्यमशीलताको उमेरको कुनै सीमा नहुने बताउनु भएको छ। उहाँले इच्छुक उद्यमीहरूलाई स्टार्ट-अप परिदृश्यलाई बढावा दिन डिजाइन गरिएका विभिन्न सरकारी योजनाहरूको फाइदा लिन प्रोत्साहित गर्नुभएको छ। यो दुई दिवसीय इभेन्टमा नवाचार , उद्यमशीलता र विज्ञान र प्रौद्योगिकी ले भारतको स्टार्ट-अप इकोसिस्टमलाई आकार दिन महत्वपूर्ण भूमिका खेल्नेछ।

**संचार मंत्री ज्योतिरादित्य सिंधिया**

सञ्चारमन्त्री ज्योतिरादित्य सिन्धियाले बर्ष २०२८ सम्ममा भारतको स्याटेलाइट सञ्चार बजार २० अर्ब डलर पुग्ने बताउनु भएको छ । नयाँ दिल्लीमा पत्रकारहरूसँग बातचित गर्नुहुदै उहाले भन्नुभयो -, "उपग्रह संचारको क्षितिजमा रहेको छ, यसले भारतको हरेक कुनामा अर्को पुस्ताको सेवाहरूको नेतृत्व गर्न र प्रदान गर्न तयार छ।

**सर्वोच्च न्यायालय - न्यायिक सेवा**

सर्वोच्च न्यायालयले न्यायिक सेवामा प्रवेश स्तरको पदका लागि आवेदन दिने उम्मेदवारहरुका लागि अधिवक्ताका रुपमा कम्तीमा तीन वर्षको अनुभव अनिवार्य बनाएको छ। अनुभवको अवधिको गणना उम्मेदवार अस्थायी रूपमा अधिवक्ताको रूपमा दर्ता भएको मितिबाट गर्न सकिन्छ। अनुभवको यो अनिवार्य योग्यता मिति भन्दा पहिले उच्च न्यायालयहरू द्वारा शुरू गरिएको भर्ती प्रक्रियामा लागू हुने छैन।

**भारतीय सेना - स्वर्ण मंदिर**

भारतीय सेनाले स्वर्ण मन्दिरमा एयर डिफेन्स गन तैनाथ सम्बन्धि खबरको खण्डन गरेको छ। भारतीय सेनाले अमृतसरस्थित श्री दरबार साहिब परिसरमा कुनै पनि एयर डिफेन्स गन वा अन्य एयर डिफेन्स संसाधनहरु तैनाथ नगरिएको स्पष्ट पारेको छ।

**मौसम**

मौसम विभागले मुम्बई र कोंकण क्षेत्रमा आगामी चार दिनसम्म आधी बर्षा  र चट्याङसहित चेतावनी जारी गरेको छ। महाराष्ट्रको रायगढ, नासिक र पुणे लगायतका क्षेत्रमा अत्याधिक वर्षाको  'ओरेन्ज अलर्ट' जारी गरिएको छ। अनुकूल मौसमका कारण समय अगावै वर्षा शुरु भएको  छ ।

****** ० ******